**बैठक नं. १६** **(बैठक संख्या ९१)**

आज मिति २०८३/०१/१६ गते बिहान ८:०० वजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री बिमला गैहे | |
| | | | |
| | | | |

CamScanner

**बैठक नं. १६** **मिति २०८३/०१/१६**

**निर्णय नं १**

**प्राप्त पत्र बारे जानकारी तथा समिक्षा सम्बन्धमा:**
विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढिवाची सुनाउने कार्य भयो । साथै गत बैठकमा भएका निर्णयहरु कार्यान्वयन चरणमा रहेको व्यहोरा जानकारी समेत गरियो ।

**निर्णय नं २**

**आ.व. २०८२/०८३ को योजना कार्यान्वयन सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमहरुको भौतिक प्रगतिको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल गरियो । हाल सम्म ९५ वटा योजना सम्पन्न भई भुक्तानी समेत भएको जानकारी गराइयो । साथै कार्यान्वयन हुन बाँकी योजनाहरुको सम्बन्धमा उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरु बैशाख मसान्तभित्र योजना सम्झौता गरिसक्नुपर्ने र सो अवधि भन्दा पछि आउने योजनाहरुको हकमा सम्झौता प्रक्रिया अघि नबढाउने निर्णय गरियो ।

**निर्णय नं ३**

**आ.व. २०८३/०८४ को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा सम्बन्धमा:** स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लिखित समयसीमा भित्र रही रम्भा गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

**बिभिन्न बाँकी रकम भुक्तानी सम्बन्धमा:** रम्भा गाउँपालिकाको विभिन्न मितिको निर्णय बमोजिम भएका तपसिल बमोजिमका कार्यहरुको लागि भएको तपसिल बमोजिम खर्च रकम तपसिल बमोजिम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

- नेपाली सेनाको ऐतिहासिक गोरखा जितगढी पैदल यात्रा २०८२ को क्रममा खाजा तथा खानामा भएको खर्च रकम रु ३६३०३ रुपैया छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।
- निम्स संस्थाको आयोजना तथा रम्भा गाउँपालिकाको समन्वयमा मा वडा नं १ कार्यालय हुँगीमा मिति २०८२/१२/२९ देखि २०८३/०१/०३ सम्म ५ दिन संचालित स्वास्थ्य शिविरमा भएको व्यवस्थापन र विदेशी पाहुना (चिकित्सक) को सम्मान, रानीबास सामुदायिक होमस्टेमा अतिथि सत्कारमा भएको खर्च रु ३९६००(अनन्चालिस हजार छ सय) तथा पानी र गाडि व्यवस्थापनबापत भएको जम्मा खर्च रकम रु ७२१४० (अक्षेरेपि बहत्तर हजार एक सय चालिस रुपैया) विविध खर्च शिर्षकबाट भुक्तानी दिने ।
- पूर्वखोलाको जल्पा र तानसेन नगरपालिकाको अर्गलीमा संचालन भएको पालीकास्तरीय भलिवल प्रतियोगितामा भाग लिन पठाउँदा खेलाडीहरुको खाना खाजा आवास तथा यातायात वापतको खर्च रकम

मध्ये रु ७०००० पेश्की भुक्तानी दिइएकोमा उक्त रकम अनुमोदन गर्ने साथै बाँकी रकम रु ३४००० खेलकुद कार्यक्रम वडास्तरीय शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं ५

**देउराली कुवाँदेखि हुँगी घाट जोड्ने मो.वा सम्बन्धमा:** देउराली कुवाँदेखि हुँगी घाट जोड्ने मो वा बाट नदिजन्य पदार्थ निकासीमा निकै अप्ठ्यारो भएको हुदाँ मो बा ग्राभेल गर्ने कार्य अघि बढाउने तथा खर्च रकम प्राविधिक लागत अनुमान तथा मूल्याकंन बमोजिम सडक मर्मत संभार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ६

**जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा:** जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा व्यवस्थापनका लागि जिल्ला खेलकुद विकास समितिलाई रु २५,०००(अक्षरेपि पच्चिस हजार) उपलब्ध गराउने साथै उक्त कार्यक्रममा गाउँपालिकाबाट भाग लिन खेलाडी पठाउने र खेलाडिहरुलाई खाना, खाजा, आवास, यातायात तथा आवश्यक जर्सीको व्यवस्थापन गर्ने । यसका लागि आवश्यक रकम भलिवल प्रतियोगिता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ७

**अध्यक्ष कप भलिवल प्रतियोगिता संचालन सम्बन्धमा:** रम्भा गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अध्यक्ष कप भलिवल प्रतियोगिता रम्भा- २, फोक्सिङकोटमा संचालन गर्ने र व्यवस्थापन गर्ने जिम्मेवारी वडा नं २ लाई दिने निर्णय गरियो ।

निर्णय नं ८

**स्थानीय जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा:** रम्भा गाउँपालिका स्थानीय जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन समितिको मिति २०८३/१/११ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ९

**आर्थिक सहायता सम्बन्धमा:** तपसिल बमोजिमको उद्देश्यका लागि आर्थिक सहायताको लागि पेश भएको निवेदन माथि छलफल गरि तपसिल बमोजिमका संस्था तथा व्यक्तिहरुलाई तपसिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

- किसान युवा क्लव रम्भा ५ को वार्षिकोत्सवको लागि रु १५,०००।– विविध खर्च शिर्षकबाट भुक्तानी दिने ।

बैठक नं. १६

मिति २०८३/०१/१६

- राष्ट्रिय लोक भजन चुड्का संरक्षण प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति, पाल्पाको लागि रु ८००० छुटपुट चालु खर्च शिर्षक शिर्षकबाट भुक्तानी दिने ।
- मृगौला रोगी टेक बहादुर गाहाको प्राप्त स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा कडा रोग उपचार यातायात शिर्षकबाट यातायात खर्च बापत भुक्तानी भएको रकम रु १०००० अनुमोदन गर्ने ।
-

**निर्णय नं १०**

**आ.व. २०८२/०८३ को हालसम्मको प्रगति सम्बन्धमा:** यस रम्भा गाउँपालिकाको चालु आ.व. ०८२/०८३ को हालसम्म प्रस्तावित व्यय मध्ये चालु तर्फ ५७.६८ तथा पुँजिगत तर्फ ६५.१६ गरि समग्रमा ६०.७७ प्रतिशत रहेको सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं ११**

**वडा नं १ को वडा कार्यालय परिसरमा बगैचा निर्माणको रकम भुक्तानी सम्बन्धमा:** वडा कार्यालय परिसरमा बगैचा निर्माणको क्रममा प्राविधिक प्रतिवेदन बमोजिम रु ६१५००० (अक्षरेपि छ लाख पन्ध्र हजार) खर्च भएकोमा वडा तर्फको बजेट अन्तर्गत खर्च शिर्षक नं ३११३१ वडा कार्यालय परिसरमा बगैचा निर्माण शिर्षकमा रु ४,५०,००० विनियोजन भएकोमा प्राविधिक प्रतिवेदन बमोजिम यस आ व मा विनियोजित बजेटबाट रु ४,५०,००० बाट भुक्तानी दिने साथै बाँकी रकम रु १,६५,००० (अक्षरेपि एक लाख पैसठ्ठी हजार) आगामी आ.व. २०८३/०८४ मा वडास्तरीय बजेटमा नै विनियोजन गरि भुक्तानी दिने गरी दायित्व सिर्जना गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

**स्थानीय पाठ्यक्रम (६-८ को पाठ्यक्रम) सम्बन्धमा:** पाठ्यक्रम निर्माण समितिबाट निर्माण भई गाउँ शिक्षा समितिबाट निर्णय भएर अनुमोदनको लागि यस गाउँकार्यपालिकामा पेश भएको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

**सि.अ.न.मी. श्री विष्णुमाया रानाको राजीनामा स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिका अन्तर्गत फोक्सिङकोट स्वास्थ्य चौकीमा लुम्बिनी प्रदेश स्थानीय निजामति सेवा ऐन, २०८१ बमोजिम अधिकृतस्तरका कर्मचारीहरुको गाउँकार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने व्यवस्था भए बमोजिम स्वास्थ्य सेवा कम्युनिटि नर्सिङ समूहका कर्मचारी श्री विष्णुमाया रानाको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner

**बैठक नं. १६** — मिति २०८३/०१/१६

**निर्णय नं १४**

**वेतलवी विदा सम्बन्धमा:** रम्भा गाउँपालिकामा स्वास्थ्य सेवा तर्फ ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अमृता कुमारीको स्वास्थ्य अवस्थामा आएको असहजताको कारण वेतलवी विदाको लागि निवेदन पेश भएको हुदाँ सोही बमोजिम वेतलवी विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

**औद्योगिक ग्राम निर्माण क्षेत्रमा रुख कटानी सम्बन्धमा:** रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित औद्योगिक ग्राम निर्माण क्षेत्रमा रुख कटानीको लागि आवश्यक प्रक्रिया अघि बढाउनको लागि डिभिजन वन कार्यालय सँग समन्वय गरि प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं १६**

**रम्भा गाउँपालिकाको कार्यसम्पादन नियमावली संशोधन सम्बन्धमा:** रम्भा गाउँपालिकाको कार्यसम्पादन नियमावली, २०७४ मा भएको कार्यकारी अधिकृत भन्ने शव्दलाई संशोधन गरी प्रमुख प्रशासकीय अधिकृत बनाउने निर्णय गरियो ।

CamScanner